धार्चे गाउँपालिका
# गाउँ कार्यपालिकाको कार्यालय
माछीखोला, गोरखा
गण्डकी प्रदेश, नेपाल ।

पत्र संख्या :-०७९।०८०

## करारमा कर्मचारी पदपूर्ति सम्बन्धी सूचना ।

(प्रथम पटक प्रकाशित मिति:२०७९/०९/०१)

यस धार्चे गाउँपालिकामा रिक्त रहेका तपशिल बमोजिमका विभिन्न सेवा/समुहका पदहरुमा करार सेवामा कर्मचारी पदपूर्ति गर्नुपर्ने भएकाले योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट प्रथम पटक सूचना प्रकाशन भएको मितिले ७ दिनभित्र रितपूर्वक दरखास्त पेश गर्न सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

तपशिल :

| क.सं. | विज्ञापन नं. | पद | तह | सेवा/समूह | संख्या | आवेदन दस्तुर रु. | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | १९-०७९/८० | कृषि स्नातक प्रविधिक | छैटौं | करार | १ | १०००।- | करार |
| २. | २०-०७९/८० | सूचना प्रविधि अधिकृत | छैटौं | करार | १ | १०००।- | PLGSP |

१. आवश्यक कागजतहरु: दरखास्त फारामको साथमा नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपी, पासपोर्ट साइजको २ प्रति फोटो, आवश्यक न्युनतम शैक्षिक योग्यताको प्रमाणपत्रका प्रतिलिपि, अनुभव तथा तालिमको प्रमाणपत्र प्रतिलिपि उम्मेदवार स्वयंले प्रमाणित गरेको ।

२. न्यूनतम शैक्षिक योग्यता:

(क) विज्ञापन नं. १९-०७९/८० का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कृषि विज्ञान विषयमा स्नातक उत्तिर्ण वा सो सरहको योग्यता हासिल गरेको ।

(ख) विज्ञापन नं. २०-०७९/८० का लागि नेपाल सरकारबाट मान्यता प्राप्त शिक्षण संस्थाबाट कम्प्युटर विषयमा (**BE in Computer Engineering, BE & B.Tech in Communication and Electronic Engineering, BIT, BIM, BCA, BEIT, B.Sc.CSIT**) स्नातक उत्तिर्ण वा सो सरह योग्यता हासिल गरेको ।

३. उमेर हद: विज्ञापन नं. १९ र २०-०७९/८० का लागि २१ वर्ष पुरा भई पुरुषका हकमा ३५ वर्ष र महिलाको हकमा ४० वर्ष ननाघेको,

४. दरखास्त दिने स्थान: धार्चे गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, माछिखोला, गोरखा ।

५. दरखास्त दिने अन्तिम मिति : २०७९/०९/०७ गते कार्यालय समयभित्र र सो दिन सार्वजनिक बिदा परेमा कार्यालय खुल्ने दिनको कार्यालय समयभित्र ।

६. छनौटको आधार: प्रचलित कानून एवं मापदण्ड बमोजिम प्रारम्भिक सूचि एवं अन्तरवार्ता।

७. दरखास्त दस्तुर जम्मा गर्ने तरिका : सिभिल बैंक लिमिटेड माछीखोला धार्चे शाखामा रहेको धार्चे गाउँपालिकाको आन्तरिक राजश्व खाता नं. ग. १-१ ०७५१०३५७०४११०८ मा राजश्व जम्मा गरेको भौचर वा राजश्व/लेखा शाखामा राजश्व बुझाएको नगदि रसिद ।

८. सेवा सुविधा : प्रचलित नियमानुसार ।

९. परिक्षा मिति : सूचनाको अन्तिम मिति सकिएको एक हप्ता भित्रमा प्रकाशन गरिनेछ ।

१०. दरखास्त फाराम यस धार्चे गाउँपालिकाको कार्यालयको वेबसाइट www.dharchemun.gov.np वा कार्यालयबाट प्राप्त गर्न सकिनेछ।

११. दरखास्त फाराम यस धार्चे गाउँपालिकाको इमेल ठेगाना rmdharche@gmail.com मार्फत अथवा कार्यालयमा आइ बुझाउन सकिनेछ।

१२. अन्य थप जानकारीको लागि ९८५६०४१४५१/९८४१७१७८६७ मा सम्पर्क गर्न सकिने छ ।

काजीमान सुनार
प्रमुख प्रशासकीय अधिकृत